# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)
चलानी नं. :- ३०६९

रामशाहपथ, काठमाडौं


मिति :-२०८२/०१/३१
ने.सं. ११४५ वछलागा २

विषयः <u>निर्देशन सम्बन्धमा।</u>

**उच्च सरकारी वकील कार्यालय, सबै।**
**जिल्ला सरकारी वकील कार्यालय, सबै।**

महान्यायाधिवक्ताको कार्यालय, व्यवस्थापन समितिको निर्णय समेतका आधारमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८२/०१/२८ मा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम निम्न निर्देशन जारी भएको छ। साथै प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. ७५१ मिति २०८१/०७/०६ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी भएका निर्देशनहरु र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

**<u>निर्देशन नं ४१:</u>** बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०८२ को दफा १० ले मूल ऐनको दफा २६ पछि २६क. थप गरी चेक अनादर सम्बन्धी मुद्दामा मिलापत्र गर्ने सम्बन्धमा गरेको व्यवस्थाको कार्यान्वयनको लागि स्पष्टता र एकरूपता कायम गर्न देहाय बमोजिम गर्ने:

(१) चेक अनादर सम्वन्धी कसूरमा अनुसन्धानको क्रममा मिलापत्र गर्दाः

(क) अनादर भएको चेकको बिगोका सम्बन्धमा जाहेरवाला (धारक) र प्रतिवादीले रकम लेनदेन गरी वा चित्त बुझाई चेकको विगोका सम्बन्धमा दावी जिकीर नरहेको भनी जाहेरवाला र प्रतिवादीले अनुसन्धान गर्ने प्रहरी कार्यालयमा संयुक्त निवेदन दिएकोमा त्यस्तो निवेदन दर्ता भएकै दिन सम्बन्धित प्रहरी कार्यालयले अनुसन्धान स्थगित गरी विगो लेनदेन सम्बन्धी आधिकारीक कागज, सम्बन्धित मिसिल र संयुक्त निवेदन मिसिल संलग्न गरी अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालय समक्ष पेश गर्ने,

(ख) खण्ड (क) बमोजिम निवेदन सहित प्राप्त भएको मिसिल कागजात तोकिएको सरकारी वकीलले अध्ययन गरी सम्बन्धित व्यक्तिलाई बुझ्दा अनादर भएको चेकको विगो प्राप्त गरेको वा विगो दावी नरहेकोमा त्यस्तो मुद्दामा अभियोजन नगर्ने निर्णय गरी प्रतिवादी हिरासतमा रहेको भए हिरासतबाट छाडी दिन अनुसन्धान अधिकारीलाई निर्देशन दिने,

(ग) खण्ड (ख) मा जुनसुकै कुरा उल्लेख भएता पनि मिलापत्रको लागि प्राप्त हुन आएको संयुक्त निवेदन वा मिसिल कागजात अध्ययन गर्दा जाहेरवाला (धारक) ले बाउन्स भएको चेक बमोजिमको रकम प्राप्त नगरेको वा चेकको विगोका सम्बन्धमा जाहेरवालाले चित्त


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(कर्मचारी प्रशासन शाखा)

पत्र संख्या :- ०८१/०८२ (निर्देशन)

चलानी नं. :- 3005

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/०१/३१

ने.सं. ११४५ वछलागा २


नबुझाएकोमा कानून बमोजिम अनुसन्धान जारी राख्न निर्देशन दिन वा मुद्दा चलाउने निर्णय गर्न कुनै बाधा पर्ने छैन,

(२) चेक अनादर सम्वन्धी कसूरमा अदालतमा मिलापत्र गर्दाः

अदालतमा विचाराधिन चेक बाउन्स (चेक अनादर) मुद्दाका हकमा जाहेरवाला र प्रतिवादीको तर्फबाट पर्न आएको संयुक्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले फौजदारी मुद्दामा मिलापत्र गर्ने आदेश गर्दा अपनाउनु पर्ने मापदण्ड, २०८० को प्रकृया पूरा गरी मिलापत्रको आदेश सहित संयुक्त निवेदन मिलापत्रका लागि सम्बन्धित अदालत समक्ष पत्रसाथ पठाउने ।

(३) कानून बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका अन्य सरकारवादी मुद्दाका हकमा अदालतमा मिलापत्र गर्ने प्रकृया र अनुसन्धान कै क्रममा विगो बुझाएको, राफसाफ वा चुक्ता गरेको हकमा मुद्दा नचलाउने निर्णय गर्ने सम्बन्धमा साविकको व्यवस्था बमोजिम गर्ने ।

२०८२/०१/३१

(पुष्पराज बाँस्तोला)

उपन्यायाधिवक्ता

**अवगतार्थः**

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय।

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरू।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np